# हरिहरपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झनझने, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. २०८१/०८२
सु.नं. ८५

## प्रदेश सशर्त कृषि विकास कार्यक्रमको प्रस्ताव आव्हानको दोस्रो पटक प्रकाशित सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०२ गते)
(दोस्रो पटक प्रकाशित मिति २०८१/१२/३१ गते)

हरिहरपुरगढी गाउँपालिकाको आ.व. २०८१/०८२ को कृषि विकास शाखाको वार्षिक कार्यक्रम अन्तर्गत निम्न बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने भएकोले इच्छुक सार्वजनिक संस्था, कृषक समूह, कृषि सहकारी, बहुउद्देश्यीय सहकारी तथा कृषि फर्महरुबाट माग आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ।
यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले १५ औं दिन (२०८१/०१/१४ गते) भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न गरि आवेदन पेश गर्नुपर्ने छ साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। आवेदन दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यस पश्चात भोलीपल्ट कार्यालय खुलेको दिनमा आवेदन पेश गर्न सकिनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन हुने वडा | कुल बजेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | तरकारी खेती प्रवर्द्धन कार्यक्रम वडा नं. १ र ८ | वडा नं. १ र ८ | ४,७५,०००।- | |

**तपसिलः**

१. सार्वजनिक संस्था, कृषक समूह, कृषि सहकारी, बहुउद्देश्यीय सहकारी तथा कृषि फर्मको निवेदन ।
२. प्रस्तावना पत्र ।
३. नेपाली नागरिकताको प्रतिलिपी ।
४. कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर र संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपी ।
५. समूह/सहकारीको हकमा कार्यक्रम सञ्चालन गर्ने निर्णयको प्रतिलिपी ।
६. समूह/सहकारीको हकमा आ.व २०८०/०८१ को लेखा परीक्षणको प्रमाणित प्रतिलिपी ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

*नोटः कार्यक्रम सञ्चालन बागमती प्रदेश सरकारको **"स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** बमोजिम हुनेछ साथै कार्यक्रम अन्तर्गत सञ्चालन गर्न सकिने क्रियाकलापहरु नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको **"प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१"** बमोजिम हुनेछ ।*

थप जानकारीका लागि हरिहरपुरगढी गाउँपालिकाको कृषि विकास शाखा वा ९८५४०४५२७३ मा सम्पर्क गर्न सकिनेछ ।

प्रवेश देवकोटा
कृषि अधिकृत (छैठौं)

वीरेन्द्र कुमार पैकरा
प्रमुख प्रशासकीय अधिकृत

Email: hariharpurgadhi@gmail.com

For More Info :